नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १३ २०८० साल साउन १६ गते मंगलबार (1 Aug. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सागरनाथ वन परियोजनाका कर्मचारीले.. ३ पृष्ठमा : नेपालको हवाई सेवालाई अझै ... ३ पृष्ठभारतीय रेलमा गोली चल्दा...

# पत्रकार पोखरेलमाथी असईद्वारा कुटपिट

## तीन दिनभित्र कारबाही गर्ने एसपी कार्कीको प्रतिबद्धता







असईको कुटाईबाट घाइते पत्रकार मनोहर पोखरेल । कुटपिट गर्ने असई राजेश्वर महतो । तथा घटना बारे संचारकर्मीमाँझ तीन दिनभित्र असई महतोलाई कारवाही गर्ने एसपी नरेन्द्र कार्कीले प्रतिबद्धता जनाउँदै । ***तस्बिर सौजन्य : नेपाल पत्रकार महासंघ सप्तरी***

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

नेपाल पत्रकार महासंघ सप्तरीका सल्लाहकार मनोहर पोखरेललाई सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरी हाताभित्रै कुटिपिट भएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा समाचार संकलनका सिलसिलामा जिल्ला प्रहरी कार्यालय पुगेका पत्रकार पोखरेलमाथि त्यहाँ कार्यरत प्रहरी सहायक निरीक्षक(असई) राजेश्वर महतोले दुर्व्यवहार गर्दै कुटपिट गरेको उल्लेख छ ।

जिल्ला प्रहरीस्थित मुद्दामा शाखामा जर्बजस्तीकरणी र गर्भपतन सम्बन्धी मुद्दा प्रहरीले दर्ता गर्न नमानेको भनि पीडित पक्षको गुनासोको आधारमा सोही विषयमा जानकारी लिन खोज्दा पत्रकार पोखरेलमाथि असई महतोले दुर्ब्यवहार गर्दै कुटपिट गरेको विज्ञप्तिमा उल्लेख छ ।

कुटपिटबाट घाईते भएका पत्रकार पोखरेलको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भईरहेको छ ।

यता घटनाबारे जानकारी पाएर नेपाल पत्रकार महासंघका एक टोली जिल्ला प्रहरी कार्यालय सप्तरी पुगेर प्रहरी प्रमुख एसपी नरेन्द्र कार्कीलाई पत्रकार पोखरेलमाथि कुटपिट गर्ने असई महतोमाथि कारबाही गर्न माग गरेका छन् ।

घटना सम्बन्धमा प्रहरी प्रमुख एसपी कार्कीले जिल्ला प्रहरीको तर्फबाट क्षमायाचना गर्दै कुटपिट गर्ने असई महतोमाथि कानून बमोजिम तीन दिनभित्र कारबाही गर्ने प्रतिबद्धता गरेका छन् । सचिव विश्वासले तीन दिनभित्र पत्रकार पोखरेलमाथि कुटपिट गर्ने असईमाथि कारबाही नगरिए महासंघ संघर्षमा उत्रिने चेतावनी दिएका छन् ।

साथै विज्ञप्तिमा नागरिकलाई सूचित गराउने अधिकार बोकेका सञ्चारकर्मीलाई यसरी जिल्ला प्रहरी कार्यालयमै एक जना असईबाट कुटपिट हुनु भनेको प्रेसमाथिको ठाडो हस्तक्षेप भएको पत्रकार महासंघले ठहर गर्दै यस्ता घटनालाई नियन्त्रण गर्न र संविधानमै उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रतालाई कायम गर्न गृह मन्त्रालयसमेतको ध्यानाकर्षण गराइएको छ ।

# सहमतिपछी आफन्तले बुझे शव, अस्पतालको सेवा सुचारु

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा आइतबार चिकित्सकको लापरवाहीले एक युवकको मृत्यु भएको भन्दै अस्पतालमा शव बुझ्न अस्विकार गरेका आफन्तले सोमवार शव बुझेका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. ९ का रामदेव खंगको १६ वर्षिय छोरा ओम प्रकाश खंगको उपचारका क्रममा आइतबार कंचनपुर नगर अस्पतालमा मृत्यु भएको थियो ।

चिकित्सकको लापरबाहीले बिरामीको मृत्यु भएको भन्दै मृतक आफन्तजन र स्थानीयबासीले अस्पताल तोडफोड समेत गरेका थिए । जसकारण अस्पतालको सेवा ठप्प थियो ।

चिकित्सकको लापरवाहकि कारण खंगको मृत्यु भएको आरोप लगाउदै मृतकका आफन्त आन्दोलनमा उत्रिएका थिए । मृत्युको कारण पत्ता लगाउनु पर्ने, मृतक परिवारलाई उचित क्षतिपुर्ती दिनु पर्ने र उपचारमा संलग्नलाई कारवाही नगरेसम्म परिवारले शव जिम्मा नलिने अडान लिएका थिए ।

आफन्तद्वारा धर्ना र प्रर्दशन समेत थालिएपछी अस्पतालको सेवा ठप्प बन्न पुगेको थियो । सोमवार नगरपालिकाको कार्यालय, अस्पताल प्रशासन तथा मृतक परिवार बीच तीन बुँदे सहमति भएपछि आफन्तले शव बुझेको तथा पोस्टमार्टमका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान लगिएको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपक रायले जानकारी दिए ।

उपचारमा संलग्न चिकित्सकलाई निलम्बनमा राखी छानवीन गर्ने, मृतक परिवारलाई क्षतिपुर्ती वापत अस्पताल प्रशासनबाट ५१ हजार तथा नगरपालिका कार्यालयबाट ५ लाख उपलब्ध गराउने र अस्पतालको स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक उपाय अपनाउने लगायतका विषयमा सहमती भएको प्रहरीले जनाएको छ । आफन्तले शव बुझे संगै ठप्प रहेको सो अस्पतालको सेवा सुचारु भएको छ ।

# भैंसीलाई पोखरीमा नुहाउने क्रममा दुई बालिकाको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

भैसीलाई पोखरीमा नुहाउन जाने क्रममा डुबेर एकै दिन सोमबार दुई बालिकाको डुबेर मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तरीको बोदेबर्साईन नगरपालिका वडा न. ३ बस्ने धनगढी बस्ने विध्यानन्द साहको छोरी ८ वर्षिया छोरी किरन साह र वडा नं. ६ फुलकाही बस्ने धनराज साहको ८ वर्षिया छोरी शिवानी साह रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार स्थानीय महादेव साहको पोखरीमा भैसिलाई नुहाउन जाने क्रममा पोखरीमा दुबै बालिका डुबेको भन्ने खबर प्राप्त हुन साथ प्रहरी घटनास्थल पुगि मुचुल्का सहितको टोलि खटाई घटना बारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

जिल्लामा तीन वर्षको अवधीमा पोखरी, नहर, कुलो र खाडलमा डुबेर ८९ जनाको मृत्यु भइसकेको प्रहरी तथ्याँकले देखाएको छ । मृत्यु हुनेमा बालबालिकाको संख्या बढी देखिएको छ ।

# मधेश प्रदेश सरकारले पायो पूर्णता



**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

मधेश प्रदेश सरकारमा सोमबार दुई मन्त्री थपिएसँगै सरकारले पूर्णता पाएको छ । योसँगै

***बाँकी अन्तिम पृष्ठमा***

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं। नेपाल सरकार विज्ञापन बोर्ड

# करेन्ट लागेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

सप्तरीको खडक नगरपालिका वडा नं.८ ढोलबाजामा एक जनाको करेन्ट लागेर सोमबार मृत्यु भएको छ ।

स्थानीय ५५ वर्षिय बिकु साहलाई मोटरबाट पानी तानेर खेतमा लगाउने क्रममा मोटरबाट करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सम्पादकीय

### जलवायु परिवर्तनले खेतीमा असर

जसोतसो धान रोपिएको छ । तर, वर्षा नहुँदा रोपिएका धान समेत डढ्न थालेको छ । पर्याप्त वर्षा नहुँदा अहिले किसानहरु निकै चिन्तित देखिन्छन् । यी सबै जलवायु परिवर्तनका कारण भइरहेको छ । कृषि क्षेत्रमा यसले निकै असर पारिरहेको छ । कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पुऱ्याएको छ । यसपटक वर्षा थोरै भएपछि किसानहरु सिचाईको माध्यमबाट जसोतसो रोपाई सम्पन्न गरेका छन् । तर अहिले रोपाइगरिएको खेतीमा पानीको आवश्यकता छ । जुन वर्षाले मात्र पुरा गर्न सक्छ ।

चिसोका समयमा गर्मी, गर्मीको समयमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै आएको छ । मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ । जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाड्ोमा जस्ता कामहरु पनि भइरहेको छ । नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ । यो मुलुक कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान दिएको देखिन्न । कृषिविधिले पनि यतातर्फ ध्यान पुऱ्याउनु पर्ने हो । अब पृथ्वीलाई तात्नबाट रोक्नमा नेपालले गर्नसक्ने योगदान भनेको जंगल फडानी रोक्नु र नांगा डाँडामा वृक्षरोपण गर्ने मात्र हो । यो भन्दा बढी हामीले चाहेर पनि गर्नसक्ने अवस्था छैन ।

तसर्थ अब जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान जरुरी छ । यसप्रति संघ, प्रदेश तथा स्थानिय सरकारले जनचेतनाका साथै दिर्घकालिन योजना बनाएर जलवायु परिवर्तन बारे गम्भिर हुनु उत्तिकै आवश्यक छ ।

# सागरनाथ वन परियोजनाका कर्मचारीले एक वर्षदेखि तलब पाएनन्

सर्लाही, १५ साउन (रासस) । सर्लाहीको सागरनाथ वन परियोजनामा करिब रु २० करोड मूल्यको काठ बिक्री नभएर थन्किएको छ ।

परियोजना क्षेत्रमा उत्पादन भएको काठ बिक्री नहुँदा परियोजनाका एक सय ४६ कर्मचारी विगत करिब एक वर्षदेखि तलब नपाएर आन्दोलित भएका छन् । सरकारले वन नियमावलीमार्फत गोलिया काठ मापन गर्ने नयाँ शूत्र (हुबर) लागू गरेपछि परियोजना क्षेत्रबाट उत्पादन भएको काठ बिक्री नभएको परियोजनाका निमित्त प्रमुख शिवेन्द्र चौधरीले बताउनुभयो ।

उहाँका अनुसार विगतका वर्षहरूमा (क्वाटर गर्थ) शूत्रमार्फत काठ बिक्री गर्ने गरिएको भए पनि हुबर शूत्रले हिसाब गर्दा काठको परिमाण धेरै निस्किने गरेको र नयाँ नियमावलीले राजस्व दर पनि बढाएका कारण परियोजनाको काठ बिक्री नभएको हो ।

काठ व्यापारी नयाँ शूत्रअनुसार निस्किएको परिमाण र बढेको राजस्व दरमा परियोजनाको काठ गरिद गर्न अनिच्छुक भएका कारण परियोजना क्षेत्रमा उत्पादन भएको टिक, सिसौं, कर्मा, जामुन, अस्ना, टुनी, शिरिष, भुडकुल, गुटेल र बाँभी आदि प्रजातिका काठ लामो समयसम्म बाहिरै राखिँदा कुहिने अवस्थामा पुगेको जनाइएको छ । ठेकेदारले यस प्रकारका काठ खरिद गर्न नचाहेका र काठ बिक्री नहुँदा परियोजनाका कर्मचारी करिब एक वर्षदेखि तलबविहीन भएका परियोजनाका लेखापाल सुरेन्द्र जोशीले बताउनुभयो ।

काठ बिक्री नभएपछि यसको प्रभाव वन पैदावार विकास समितिलाई परेको छ । समितिले सागरनाथ वन परियोजनाकै वन पैदावार बिक्रीको आम्दानीबाट खर्च व्यवस्थापन गर्दै आएको भए पनि लामो समयदेखि काठ बिक्री नहुँदा समिति अहिले आर्थिकरुपमा धरासायी बन्दै गएको समितिका प्राविधिक उपसचिव जीतेन्द्र कर्माचारीले बताउनुभयो ।

उहाँका अनुसार हाल समितिअन्तर्गत सागरनाथ वन विकास परियोजना सर्लाही र रतुवामाई वृक्षरोपण आयोजना केर्खा झापा गरी दुई वन विकास परियोजना सञ्चालनमा छन् । काठको यही समस्याका कारण समितिसहित यी आयोजनामा कार्यरत करिब एक सय ९२ कर्मचारीले विगत करिब एक वर्षदेखि नै तलब खान नपाएपछि उहाँहरू आन्दोलित भएको समितिका प्राविधिक उपसचिव कर्माचार्यले जानकारी दिनुभयो ।

वन पैदावार बिक्रीबाट विगतमा वार्षिक सरदर रु पाँचदेखि सात करोड राजश्व तथा रु दुईदेखि तीन करोड भ्याट समितिले बुझाउँदै आएको थियो । यस्तै, प्रत्यक्षरुपमा नियमित तथा वृक्षरोपण गोडमेललगायत कार्यमार्फत एक हजारभन्दा बढीलाई वार्षिक रोजगारी प्रदान गर्दै आइरहेको थियो ।

एकातिर परियोजना क्षेत्रमा उत्पादन भएको काठ नबिकेर वनमा सड्ने अवस्थामा पुगेको छ भने अर्कोतिर कर्मचारीले एक वर्षदेखि तलब पाएका छैनन् । यसको दोष काठ मापनको नयाँ शूत्र (ऊबर) रहेको परियोजनाले जनाएको छ । एक वर्षसम्म तलब खान नपाउँदा घर खर्च चलाउन मुस्किल भएको साथै कर्मचारीको मनोबलसमेत खस्केको नेपाल निजामती कर्मचारी सङ्गठन सागरनाथका अध्यक्ष एवं आन्दोलन सङ्घर्ष समितिका अध्यक्ष छत्रवहादुर लामाले बताउनुभयो । "एक महिना ढिलो तलब आउँदा सबैलाई कति गाह्रो हुन्छ । एक वर्षसम्म पनि तलब नआउँदा हामीलाई कस्तो भयो होला ?" "जङ्गलमा काठ सडाएर हाम्रो पेट भोको कतिञ्जेल राख्ने ? राज्यको सम्पत्ति जङ्गलमा नै सडाएर फाल्ने यो हुबर शूत्रको के काम ?"

सरकारले समस्या समाधान गर्ने आश्वासन दिए पनि काम नगरेका कारण सोही समस्या बल्झिएको सागरनाथ वन परियोजनाका लेखापाल युवराज कार्कीले बताउनुभयो । "परियोजनाको मात्रै काठ बिक्री भए रु २० करोड आम्दानी हुन्छ, समस्या समाधन हुन्छ तर, हुबर शूत्रपछि काठ व्यवसायीले काठ किन्नै मानेनन् । आम्दानीको बाटौ नै बन्द हुँदा समस्या आएको हो", उहाँले भन्नुभयो ।

दुवै स्थानको वन परियोजनाका एक सय ९२ कर्माचारीका लागि मासिक करिब रु ७५ लाख खर्च हुने गरेको परियोजनाले जनाएको छ ।

समितिका प्राविधिक उपसचिव कर्माचार्यले भन्नुभयो "हुबर शूत्रका कारण २७ दशमलव तीन प्रतिशतसम्म काठको परिमाण बढ्छ । सरकारले टिकमा ६० प्रतिशत र मसलामा ७५ प्रतिशत राजश्व बढाएको छ । यही कारण काठ महँगो भएकाले बिक्नै छोडयो, कर्मचारीलाई तलब खुवाउनसमेत समितिलाई धौ-धौ परिरहेको अवस्था छ ।"

# किसानलाई राहत दिनेबारे सरकारले आवश्यक तयारी गरिरहेको छ : मुख्यमन्त्री यादव

जनकपुरधाम, १५ साउन (रासस) । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेसमा आकाशे पानीको भरपर्नुपर्ने ठाउँलाई सुक्खा क्षेत्र घोषणा र प्रभावित किसानलाई राहत दिनेबारे सरकारले आवश्यक तयारी गरिरहेको बताउनुभएको छ । आइतबार नेकपा (एमाले) मधेस प्रदेश संसदीय दलको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेसमा देखिएको खडेरीका कारण किसानले भोग्नुपरेको समस्याप्रति सरकार गम्भीर रहेको र आवश्यक छलफलपछि चाँडै राहतका कार्यक्रमबारे निर्णयमा पुग्ने बताउनुभयो ।

"पार्टी र नागरिक तहबाट पनि सुक्खा क्षेत्र घोषणा र प्रभावित किसानलाई राहत दिने विषयमा सुझाव आइरहेका छन्, यसलाई हामीले गम्भीर रुपमा लिएका छौँ । प्रदेशका आठै जिल्लामा प्रमुख जिल्ला अधिकारी नेतृत्वको विपत व्यवस्थापन समितिसँग छलफल गर्छौं र राजनीतिक पार्टी एवं सरोकारवालाको सुझाव पनि लिन्छौं । त्यसको निष्कर्षअनुसार सरकारले आवश्यक काम गर्छ", मुख्यमन्त्री यादवले भन्नुभयो ।

त्यसैगरी उहाँले पशुचौपायामा लाग्ने लम्पी स्किन रोगको निदान तथा नियन्त्रणका लागि प्राविधिक परिचालन र किसानलाई क्षतिपूर्ति सम्बन्धमा कृषिमन्त्रीसँग छलफल भई तत्कालका लागि रु ७५ लाख विनियोजन गरिएको र सोमबारदेखि नै काम सुरु गर्न निर्देशन दिइएको पनि जानकारी दिनुभयो । कृषि, सिँचाइ र मल खाद्य लगायतका समस्या समाधान गर्नेबारे सरोकारवाला र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग पनि गम्भीर छलफल भएको भन्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारले ठोस योजना र सहकार्यसहित समस्याको दीर्घकालीन समाधानको खोजी गरिरहेको बताउनुभयो ।

एमाले मधेस प्रदेश संसदीय दलको तर्फबाट प्रमुख सचेतक लखन दास तत्माले मुख्यमन्त्री यादवलाई पाँचबुँदे ज्ञापन पत्र बुझाउनुभएको थियो । एमालेले मधेस प्रदेशलाई तत्काल सुक्खा क्षेत्र घोषणा गरी पीडित किसानलाई राहत र क्षतिपूर्ति, महामारीको रुपमा फैलिएको लम्पी स्किन रोगको निदान तथा नियन्त्रणका लागि प्राविधिक परिचालन गरी भ्याक्सिन र किसानलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

त्यसैगरी किसानका लागि उन्नत बीउविजन, सिँचाइ, मल खाद्यको सरल र सहज उपलब्धता सुनिश्चित गर्नुपर्ने, कृषि विद्युतीकरणसँग आबद्ध किसानका लागि २४ घण्टा विद्युत् आपूर्तिको व्यवस्था र यस वर्षको बिजुली महसुल सरकारले तिरिदिनुपर्ने र आठै जिल्लामा एउटा एउटा कृषि तथा पशु अनुसन्धान प्रयोगशालाको व्यवस्था हुनुपर्ने एमालेको मांग छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालको हवाई सेवालाई अझै विश्वसनीय र सेवामुखी बनाउनुस - उपप्रधानमन्त्री खड्का

काठमाडौँ, १५ साउन (रासस)।

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाली सेनाले सञ्चालन गरिरहेको हवाई सेवालाई अझ विश्वसनीय र सेवामुखी बनाउन आग्रह गर्नुभएको छ।

नेपाली सेनाले सञ्चालन गरेको सैनिक हवाई सेवाअन्तर्गतको मध्य एयरबेसको निरीक्षण गर्दै उहाँले सेनाले सञ्चालन गरिरहेको हवाई सेवा अरुभन्दा भिन्न रहेको बताउनुभयो।

उहाँले यसको सेवालाई अझै बढी विश्वसनीय बनाई जनसेवामा समर्पित गर्ने दिशामा बढी ध्यान दिन पनि आग्रह गर्नुभयो। अन्य संस्थाको तुलनामा कम सेवा सुविधामा पनि नेपाली सेनाले हरेक अप्ठ्यारो परिस्थितिमा हवाई सेवा दिइरहेको भन्दै उहाँले सरकारले यसको सधैँ उच्च मूल्याङ्कन गरिरहेको स्पष्ट पार्नुभयो।

उपप्रधानमन्त्री खड्काले सेनाको हवाई क्षेत्रमा काम गर्ने पाइलटदेखि अन्य सबै कर्मचारीले देशलाई परेको हरेक विपद् तथा उद्धारका काममा रातदिन खटेर काम गरेकोमा नेपाली जनताले सधैँ सम्मान गर्ने बताउनुभयो।

नेपाली सेनाको हवाई सेवालाई अझै राम्रो बनाउन तथा यहाँ काम गर्ने जनशक्तिलाई उचित तालिम तथा सेवा सुविधामा प्रोत्साहन गर्न सरकार सधैँ तयार रहेको उहाँको भनाइ थियो।

रक्षामन्त्री खड्काले भन्नुभयो, "तपाईंहरू एकातिर सैनिक र अर्कोतिर हवाई अनुशासनमा बस्ने पेशामा हुनुहुन्छ, तपाईंहरूको देश प्रेम र जनताप्रतिको सेवाभाव सरकारले बुझेको छ, त्यसैले सेवालाई अझै गुणस्तरीय बनाउनुहोस्।"

उहाँले नेपाली सेनाका सबै जहाज तथा हेलिकोप्टर २४सै घण्टा सञ्चालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्न पनि निर्देशन दिनुभयो। "जहाज मर्मत गर्दा पनि धेरै लामो समय ग्राउन्डेड भएर बस्नुपर्ने अवस्था नहोस्, सबै काम पारदर्शीरूपमा छिटो छरितो होस्, त्यसका लागि नीतिगत रूपमा कुनै निर्णय गर्नुपर्ने भए सरकार र मन्त्रालय सधैँ तयार रहन्छ", उहाँले भन्नुभयो।

# प्रहरीले बर्दी लगाएर टिकटक बनाउँदा के हुन्छ कारबाही ?

प्रहरीले बर्दीमै नाच्दै, गाउँदै गरेको भिडिओहरू टिकटकलगायत विभिन्न सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिन्छन्। यस्ता भिडिओ हाल्ने ९६ जनालाई नेपाल प्रहरीले यो वर्ष मात्र कारबाही गरिसकेको छ।

यसअघि पनि धेरै प्रहरी कर्मचारीहरू बर्दी लगाएको भिडिओ खिचेर टिकटकलगायत सामाजिक सञ्जालमा अपलोड गरेका कारण कारबाहीमा परिसकेका छन्।

प्रहरी प्रधान कार्यालयका केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायत भन्छन्, 'यो आर्थिक वर्षमा मात्र विभिन्न दर्जाका ९६ जनालाई विभागीय कारबाही गरेका छौं। जसमध्ये ४१ जनालाई नसिहत (एक प्रकारको चेतावनी) दिएका छौं, ५४ जनालाई चेतावनी र एक जनाको त दुई ग्रेड घटुवा नै भएको छ।'

डिआइजी कडायतका अनुसार कारबाहीको प्रकृति फरक-फरक हुनसक्छ। कसैले साथीको लहलहैमा लागेर भिडिओ बनाएको छ तर उसको ट्र्याक हिस्ट्री हेर्दा गल्ती गरेको छैन भने त्यस्तो अवस्थामा नसिहत दिने वा सुरूआती चेतावनी दिइने उल्लेख गर्दै उनले भिडिओको संवेदिनशीलता हेरेर कारबाही गरिने जनाए।

यसरी कारबाहीमा पर्नेमा प्रहरी जवानदेखि एसपीसम्म छन्। प्रहरीको आचारसंहिता कार्यादेश २०७७ अनुसार फेसबुकलगायत सामाजिक सञ्जालमा प्रहरीको नाम, पोसाक वा कुनै पनि चिह्नहरू प्रयोग गर्न पाइँदैन भनिएको छ। साथै ड्युटीमा खटिएका बेला हातहतियार देखिने गरी कुनै पनि पोष्ट गर्न नपाइने उल्लेख छ।

प्रहरीको हातहतियार, गोलीगट्ठादेखि कतिपय अवस्थामा कार्यालयहरू पनि गोप्य राख्नुपर्ने हुँदा यस्ता कुराले संगठनको गोपनियता असर पुर्याउने डिआइजी कडायत बताउँछन्।

साथै, यस्ता भिडिओहरू सामाजिक सञ्जालमा आउँदा संगठनको छविमा असर पुग्ने उल्लेख गर्दै उनले भने, 'पहिलो कुरा त प्रहरीको बर्दी लगाएर ड्युटी गर्न छोडेर यस्ता चिज गर्ने भन्छन्। दोस्रो, आम नागरिकको अपेक्षा पूरा गर्न सक्दैनौं जसले गर्दा हाम्रो काममा समेत असर गर्छ।' सेतोपाटीबाट

# मिल्दोजुल्दो वेबसाइट बनाई खोप प्रमाणीकरण : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, १५ साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलमा मन्त्रालयको वेबसाइट अनधिकृतरूपमा दुरूपयोग गरी कोभिड-१९ विरुद्धको खोप लगाएको प्रमाणीकरण गरेको गुनासो प्राप्त भएको छ।

अनधिकृत रूपमा वेबसाइट दुरूपयोग र मन्त्रालयसँग मिल्दोजुल्दो वेबसाइट बनाई खोप लगाएको कार्डको प्रमाणीकरण गरी क्युआर कोड बनाएको गुनासो आएको भन्दै त्यस्तालाई कारबाही गर्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले भन्नुभयो, "मन्त्रालयको वेबसाइटसँग मिल्दोजुल्दा वेबसाइट बनाई खोप प्रमाणीकरण गरेको गुनासो प्राप्त भएको छ, हामीले त्यसरी खोप प्रमाणीकरण बनाएको खोजी गरिरहेका छौँ।"

मन्त्रालयको वेबसाइट दुरूपयोग गरी विदेश जाने मानिसलाई क्युआर कोड बनाई ठगी भइरहेको विभिन्न माध्यमबाट मन्त्रालयमा जानकारी आएको भन्दै सम्बन्धित पक्षलाई आवश्यक अनुसन्धान गर्न निर्देशन दिइएको उहाँको भनाइ छ।

उहाँले सरकारले नेपालमा यात्रा गर्न कोभिड-१९ पिसिआर परीक्षण र कोभिड-१९ विरुद्धको खोप लगाएको प्रमाणसम्बन्धी अनिवार्य व्यवस्था हटाइसकेको जानकारी दिनुभयो। यस्तै विदेश यात्रा गर्नका लागि पनि कतिपय देशले क्युआर कोड हटाइसकेको उहाँले बताउनुभयो।

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

# भारतीय रेलमा गोली चल्दा कम्तीमा चार जनाको मृत्यु

मुम्बई, भारत, १५ साउन (रासस/एएनआई)।

भारतको महाराष्ट्रराज्यको जयपुरबाट मुम्बईतर्फ जाँदै गरेको रेलमा सोमबार बिहान रेलवे सुरक्षा बल (आरपीएफ) का एक जवानले गोली चलाउँदा कम्तीमा चार जनाको मृत्यु भएको छ।

पश्चिम रेलवेका अनुसार, सीटी चेतन नाम गरेका सिपाहीले जयपुर-मुम्बई सेन्ट्रल एक्सप्रेस ट्रेनमा महाराष्ट्रको पालघर स्टेशन पार गरेपछि आरपीएफका असईसहित चार यात्रुहरूमाथि गोली चलाएका थिए। पश्चिम रेलवेबाट प्राप्त जानकारीअनुसार आरोपी हवल्दारलाई हतियारसहित पक्राउ गरिएको छ। जयपुर-मुम्बई सेन्ट्रल एक्सप्रेस (ट्रेन नम्बर १२९५६) को बी फाइभ डिब्बामा उक्त घटना भएको आरपीएफका अधिकारीहरूले बताएका छन्।

आरपीएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "ट्रेन नम्बर १२९५६ मा सोमबार बिहान ५:२३ मा बी ५ कोचमा गोली चलेको खबर आएको थियो। अनुरक्षण (एस्कर्ट) सेवामा खटिएका सीटी चेतनले इन्चार्ज असई टीकाराममाथि गोली चलाएको पुष्टि भएको छ। रेल बीभीआईमा आइपुग्नु पहिले प्राप्त अग्रिम जानकारी अनुसार, असईको अतिरिक्त अन्य तीन सर्वसाधारणको हताहती भएको पनि रिपोर्ट गरिएको छ।

आरपीएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आक्रमणकारी असईलाई प्रहरीले समातेको छ र डीसीपी नर्थ गभर्नमेन्ट रेलवे प्रहरीलाई खबर गरिएको छ भने यसबारे थप विस्तृत रिपोर्ट अनुसन्धानपछि जानकारी गराइनेछ।"

# पाकिस्तानमा भएको विस्फोटमा मृत्यु हुनेको संख्या ४४ पुग्यो

इस्लामावाद, पाकिस्तान, १५ साउन (रासस/सिन्ह्वा)।

पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको बाजौर जिल्लामा आइतबार भएको आत्मघाती विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ४४ पुगेको प्रान्तका स्वास्थ्य मन्त्रीले सोमबार जानकारी गराउनुभएको छ।

रियाज अनवरले स्थानीय सञ्चारमाध्यमलाई दिएको जानकारीअनुसार विभिन्न अस्पतालमा उपचारको क्रममा नौ जना घाइतेको मृत्यु भएपछि मृतकको सङ्ख्यामा वृद्धि भएको हो। बम विष्फोटमा परी २०० भन्दा बढी व्यक्ति घाइते भएको र तीमध्ये १०० भन्दा बढीको अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो।

घाइतेमध्ये कम्तीमा १० जनाको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने आशङ्का गर्दै अनवरले सबै गम्भीर बिरामीलाई हेलिकप्टरमार्फत प्रान्तीय राजधानी पेशावर लगिएको जानकारी दिनुभयो। जिल्लाको मुण्डा खार सडकको शान्ते मोर क्षेत्र नजिकै जमीयत उलेमा-ए-इस्लाम-फजल (जेयूआई-एफ) को राजनीतिक भेलाका क्रममा एक आत्मघाती आक्रमणकारीले आफ्नो ज्याकेटमा राखिल्याएको विस्फोटक पदार्थ विस्फोट गराएको प्रहरीले जनाएको छ।

आक्रमणमा भेलामा आएका केही उलेमा-ए-इस्लाम-फजल समर्थक नेता तथा कार्यकर्तासहित केही सर्वसाधारणसमेतको हताहती भएको थियो। उक्त आक्रमणमा एक स्थानीयस्तरका उच्च नेताको समेत मृत्यु भएको थियो। आक्रमणको जिम्मेवारी सोमबार यो समाचार तयार पार्दा कुनै व्यक्ति वा समूहले लिएको छैन। उक्त क्षेत्रमा यस पहिले पनि उक्त दलको कार्यक्रमलाई लक्षित गरी स्थानीय इस्लामिक स्टेट (आइएस) ले आक्रमण गरेको थियो।

# चीनको विनिर्माण क्षेत्रको गतिविधिमा लगातार चौथो महिना पनि सङ्कुचन

बेइजिङ, १५ साउन (रासस/एएफपी)।

विश्वको दोस्रो ठूलो अर्थतन्त्रलाई उकास्ने उद्देश्यले अधिकारीहरूले नयाँ उपायहरू जारी गरेपनि जुलाईमा चीनको विनिर्माण क्षेत्रको गतिविधि लगातार चौथो महिना सङ्कुचित भएको तथ्याङ्कले सोमबार देखाएको छ।

नेशनल ब्यूरो अफ स्टाटिस्टिक्स (एनबीएस) का अनुसार आधिकारिक 'म्यानुफ्याक्चरिंग पर्चेजिङ म्यानेजर इन्डेक्स (पीएमआई)' ४९.३ मा आएको छ, जुन विस्तार र सङ्कुचनलाई छुट्याउने ५० अङ्कभन्दा कम हो। बिनिर्माणसम्बन्धी गतिविधि जुलाईमा जूनको ४९.० को तथ्याङ्कभन्दा सामान्य बढी भए पनि यसमा सामान्य वृद्धि भएको छ। यो वृद्धि ब्लुमबर्ग सर्वेक्षणको पूर्वानुमानभन्दा राम्रो देखिएको छ।

एनबीएसका तथ्याङ्कविद् झाओ किङ्हेले भन्नुभयो, "विनिर्माण समृद्धिको समग्र स्तरमा सुधार भइरहेको छ।" चीनले कोभिड-१९ पछिको पुनरुत्थानको गति कम हुँदै जाँदा र उपभोक्ताको खर्चमा आएको सुस्तताका कारण आर्थिक वृद्धिमा सुधार ल्याउन सङ्घर्ष गरिरहेको छ। सेवा र निर्माण क्षेत्रमा व्यावसायिक भावना मापन गर्ने गैर-विनिर्माण पीएमआई जुनमा ५३.२ प्रतिशत रहेकोमा जुलाईमा ५१.५ प्रतिशत विन्दुमा झरेको छ। यसो हुनुमा चिनियाँ पूँजी बजार सेवाहरू र रियल इस्टेटका गतिविधिमा आएको सङ्कुचन जिम्मेवार रहेको देखिएको छ।

हालैका महिनाहरूमा निराशाजनक आर्थिक तथ्याङ्कहरूले अधिकारीहरूलाई नयाँ आर्थिक समर्थन उपायहरू अनावरण गर्न उत्प्रेरित गरेको छ। सरकारले सोमबार उपभोग बढाउन २० बुँदे योजना सार्वजनिक गरेको छ, जसमा आवासको माग, संस्कृति र पर्यटन क्षेत्र र विद्युतीय सवारी जस्ता हरित खपतका लागि थप सहयोग समावेश छन्।

यसै महिना चीनले दोस्रो त्रैमासिकमा आफ्नो अर्थतन्त्र ६.३ प्रतिशतले वृद्धि भएको बताएको थियो, जुन विश्लेषकहरूको सर्वेक्षणको आधारमा एएफपीले गरेको ७.१ प्रतिशतको प्रक्षेपणभन्दा निकै कमजोर थियो। चिनियाँ शीर्ष नेताहरूले अर्थतन्त्रले 'नयाँ कठिनाइ र चुनौतीहरू' का साथै 'प्रमुख क्षेत्रहरूमा लुकेका खतराहरू' को सामना गर्नुपरेको चेतावनी दिएका छन्।

झाओले सोमबार विदेशी मागको कम मात्रालाई सङ्केत गर्दै 'जटिल तथा गम्भीर बाह्य वातावरण' र कमजोर माग हुनुलाई चिनियाँ निर्माताहरूको लागि प्रमुख चुनौतीको रूपमा वर्णन गर्नुभयो।

# माओवादी केन्द्रका नेता जसपामा प्रवेश



**दैनिक समाचारदाता**
**काठमाडौं १५, साउन ।**

नेकपा माओवादी केन्द्रका नेताहरुले पार्टी परित्याग गरी जनता समाजवादी पार्टी नेपाल ( जसपा) मा सोमबार प्रवेश गरेका छन् ।

जसपा नेपालको पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजित एक कार्यक्रममा माओवादी केन्द्रका अम्बिकाकुमारी विश्वकर्मा, श्रीनारायण विश्वकर्मा लगायतका नेताहरु जसपा प्रवेश गरेका हुन् ।

जसपा नेपालका अध्यक्षमा. उपेन्द्र यादवले नवप्रवेशी नेताहरुलाई खादा माला र टिका लगाएर पार्टीमा स्वागत गरे ।

धनुषाधामको भिमानमा स्थायी घरभएकी अम्बिका विश्वकर्मा यसअघि माओवादी केन्द्रबाट धनुषामा उपमेयर र प्रदेश सभाको समानुपातिक सांसद उम्मेदवार रहेका थिए ।

पार्टी प्रवेश कार्यक्रममा जसपाको तर्फबाट मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, जसपाका संघीय सांसद दिपक कार्की, राष्ट्रिय सभा सदस्य मृगेन्द्र सिंह यादव, बुद्धिजीवि पेशाकर्मी महासंघका केन्द्रीय अध्यक्ष सीताराम साहलगायतको उपस्थिति रहेको थियो ।

# साउन दोस्रो सातासम्म ७७ प्रतिशत धान रोपाइँ

काठमाडौँ, १५ साउन (रासस) ।

साउन १२ गतेसम्म देशभर ७७ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि सूचना तथा प्रशिक्षण केन्द्रले जनाएको छ । गत वर्ष यही समय अर्थात् साउन १२ गतेसम्म ९० प्रतिशत धान रोपाइँ सम्पन्न भएको केन्द्रका प्रमुख प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो ।

देशभर १३ लाख ५७ हजार आठ सय १६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । जसमध्ये हालसम्म १० लाख ५३ हजार चार सय चार हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको केन्द्रले जनाएको छ ।

यस वर्ष कोशी प्रदेशमा ८४ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ८८ प्रतिशत भूभागमा धान रोपाइँ सम्पन्न भएको थियो । कोशी प्रदेशमा दुई लाख ७५ हजार एक सय ३३ हेक्टर क्षेत्रफल जमिनमा धान रोपाइँ हुने गरेकामा हालसम्म दुई लाख ३१ हजार एक सय १२ हेक्टर क्षेत्रफलमा मात्र धान रोपिएको केन्द्रले जनाएको छ ।

मधेस प्रदेशमा हालसम्म ५९ प्रतिशत भूभागमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष यही समयमा सो प्रदेशमा ८९ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो । मधेस प्रदेशमा तीन लाख ५४ हजार तीन सय ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । हालसम्म सो प्रदेशमा दुई लाख नौ हजार ८६ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ ।

बागमती प्रदेशमा हालसम्म ७२ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष साउन १२ गतेसम्म बागमती प्रदेशमा ९३ प्रतिशत रोपाइँ सकिएको थियो । यो प्रदेशमा एक लाख १३ हजार ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । यसमध्ये हालसम्म ८१ हजार चार सय २० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ गरिएको छ ।

गण्डकी प्रदेशमा हालसम्म ८२ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । गत वर्ष साउन १२ गतेसम्म यो प्रदेशमा ९६ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो । गण्डकी प्रदेशमा एक लाख चार हजार छ सय २२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । जसमध्ये हालसम्म ८५ हजार सात सय ९० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ गरिएको छ ।

लुम्बिनी प्रदेशमा ८१ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ८५ प्रतिशत धान रोपाइँ सकिएको थियो । लुम्बिनी प्रदेशमा तीन लाख तीन सय ९२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । जसमध्ये हालसम्म दुई लाख ४३ हजार तीन सय १८ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ ।

कर्णाली प्रदेशमा हालसम्म ८५ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको केन्द्रका प्रमुख सञ्जेलले बताउनुभयो । गत वर्ष यही समयमा सो प्रदेशमा ७८ प्रतिशतमात्र रोपाइँ भएको थियो । कर्णाली प्रदेशमा ३८ हजार सात सय २७ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गरिन्छ । सो प्रदेशमा हालसम्म ३२ हजार नौ सय १८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ ।

सुदूरपश्चिम प्रदेशमा हालसम्म ९९ प्रतिशत धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष पनि यही समयमा ९९ प्रतिशत नै रोपाइँ सकिएको थियो । सुदूरपश्चिम प्रदेशमा एक लाख ७१ हजार चार सय ७६ हेक्टर क्षेत्रफलमा रोपाइँ गरिन्छ । सो प्रदेशमा हालसम्म एक लाख ६९ हजार सात सय ६१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको केन्द्रले जनाएको छ ।

# हवाई टिकटमा तत्काल भ्याट नलगाउन सर्वोच्चको अल्पकालीन अन्तरिम आदेश

काठमाडौँ, १५ साउन (रासस) ।

सर्वोच्च अदालतले तत्काल हवाई टिकटमा मूल्य अभिवृद्धि कर (भ्याट) नलगाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

पर्यटन व्यवसायीको छाता संस्था नेपाल एशोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) ले दायर गरेको रिटमा सर्वोच्चले आइतबार उक्त आदेश दिएको हो ।

न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले सरकारको निर्णयविरुद्ध अल्पकालीन आदेश जारी गर्दै सरकारी पक्षलाई छलफलका लागि बोलाएको छ ।

नाट्टा उत्प्रेषण मिश्रित परमादेशको माग गर्दै गत साउन ११ गते सर्वोच्च अदालत पुगेको थियो । अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत हवाई टिकटमा मूल्य अभिवृद्धि कर लगाउने घोषणा गर्नुभएको थियो ।

पर्यटन व्यवसायीले भने हवाई टिकटमा लगाइएको भ्याट व्यवसाय मैत्री नभएको, पर्यटन व्यवसायमा नकारात्मक असर पर्ने, हचुवाका भरमा भ्याट लागू गर्दा नेपालका ट्राभल कम्पनी र यात्रुलाई समस्या हुने भन्दै विरोध गर्दै आएका थिए ।

## मधेश प्रदेश ...

मन्त्रिमण्डलको संख्या १४ पुगेको छ ।

मुख्यमन्त्री सरोजकुमार यादवले कांग्रेसका मो. समिमलाई गृह, सञ्चार तथा कानुन मन्त्री र जनमत पार्टीका चन्दन सिंहलाई श्रम तथा यातायात मन्त्री नियुक्त गरेका छन् ।

नवनियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख हरिशंकर मिश्रबाट पद तथा गोपनियताको शपथ लिएका छन् । मधेशमा पाचौँपटक मन्त्रिपरिषद विस्तार भएको हो । यद्यपि, सबै मन्त्रीले जिम्मेवारी भने पासकेका छैनन् ।

यसअघि मधेस प्रदेश सरकारका दुई मन्त्री पदबाट राजीनामा दिएका छन् । प्रदेश सरकारका विनाविभागीय मन्त्री वसन्त कुशवाहा र विना विभागीय राज्यमन्त्री सञ्जयकुमार यादवले सोमबारे मुख्यमन्त्री सरोजकुमार यादव समक्ष राजीनामा बुझाएका हुन् । उनीहरु दुवै जना जनमत पार्टीका तर्फबाट सरकारमा सहभागी थिए ।

# मिटरब्याजसम्बन्धी दुई हजार पाँच सय २० उजुरीमा मिलापत्र, ७१ बिघा जग्गा फिर्ता

काठमाडौँ, १५ साउन (रासस) ।

अनुचितल लेनदेन ( मिटरब्याज) सम्बन्धी अहिलेसम्म विभिन्न ५५ जिल्लामा कूल २३ हजार नौ सय ६१ उजुरी दर्ता भएको छ ।

गृह मन्त्रालयका अनुसार दर्ता उजुरीमध्ये अहिलेसम्म दुई हजार पाँच सय २० वटा उजुरीमा मिलापत्र टुङ्गिएको छ । मन्त्रालयका सूचना अधिकारी उपसचिव उमाकान्त अधिकारीले हालसम्म २२ जिल्लाबाट मिटरब्याजसम्बन्धी उजुरी नपरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार मिलापत्रमा टुङ्गिएका उजुरीमा कूल एक अर्ब २० करोड ४६ लाख २४ हजार आठ सय १२ कारोबार भएको उल्लेख थियो । त्यही पीडितहरुमाथि साहुले भने दुई अर्ब २२ करोड २५ लाख ९२ हजार एक सय ९९ माग दावी गरेको भेटिएको छ । त्यसमध्ये अहिलेसम्म रु ८४ करोड ३६ लाख ८३ हजार ३४ लेनदेन गर्ने गरी मिलापत्र भएको अधिकारीले बताउनुभयो । मिलापत्र गरेर कूल ७१ बिघा, १९ कठ्ठा, १० धुर जग्गा साहुबाट फिर्ता भएको पनि मन्त्रालयका सूचना अधिकारी एवं उपसचिव अधिकारीले जानकारी दिनुभयो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*